अङ्क १४
२०७१ चैत

जानकारी पत्र (Briefing Paper)

# त्रिवि 'टुक्र्याएर' नयाँ विश्वविद्यालय बनाउँदाका जटिलता

## परिचय

नेपालमा हाल नौओटा विश्वविद्यालय (विवि) सञ्चालनमा छन् ।[१] नौओटा विश्वविद्यालय भए पनि मुलुकको सबैभन्दा पुरानो त्रिभुवन विश्वविद्यालय (त्रिवि, स्था. २०१६) एक्लैले उच्च शिक्षाको ठूलो हिस्सालाई 'केटर' गर्छ । विश्वविद्यालय अनुदान आयोगको पछिल्लो (२०१२-१३) प्रतिवेदन अनुसार देशका करिब ८८ प्रतिशत (वा ५००,७१७) उच्च शिक्षाका विद्यार्थी र ८२ प्रतिशत (वा १,०४१) कलेज त्रिवि सिस्टममा समेटिएका छन् ।[२]

त्रिवि तर मूलभूत रूपमा समस्याग्रस्त छ । यो निकै ठूलो र अव्यवस्थित त छँदैछ, यसको पढाइको स्तर पनि सन्तोषजनक छैन । त्रिविको विद्यार्थी उत्तीर्ण दर जम्मा २८ प्रतिशत छ ।[३] त्यसबाहेक, उच्च शिक्षाको विस्तार र विकास क्षेत्रीय हिसाबमा असमतामूलक छ ।[४] त्रिविको सुधार (शैक्षिक गुणस्तर, व्यवस्थापकीय एवं भौतिक) तथा क्षेत्रीय विषमतालाई सम्बोधन गर्ने सरकारी प्रयत्न पनि भएको छ । जसअनुरूप सबै विकास क्षेत्रमा 'क्षेत्रीय' विश्वविद्यालय स्थापना गरिएको छ : पूर्वाञ्चल, पोखरा, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विवि यसै क्रममा स्थापना गरिएका हुन् । यी विश्वविद्यालयमा तत्तत् क्षेत्रमा रहेका त्रिविका आंगिक (र केही सम्बन्धनप्राप्त सामुदायिक) क्याम्पसलाई समायोजन गर्ने योजना देखिन्छ । यसले त्रिविको साइज सानो र चुस्त तुल्याउने, नयाँ

[१] यीबाहेक दुई अन्य नेपालगञ्ज विश्वविविद्यालय, नेपालगञ्ज र राजर्षि जनक विश्वविद्यालय, जनकपुर स्थापना गर्न दुई छुट्टाछुट्टै विधेयक समेत तयार छन् । मन्त्रिपरिषद्ले ती विधेयकलाई संसदमा प्रस्तुत गर्न स्वीकृती समेत दिइसकेको छ । The Kathmandu Post. 2015. Two More Too Many. Feb 10, p. 2 । यी प्रस्तावित विवि पनि तत्तत् स्थानका त्रिवि अन्तर्गतका क्याम्पसलाई आधार बनाएर स्थापना गरिने देखिन्छ । साथै, विभिन्न पक्ष र स्थानबाट विश्वविद्यालय स्थापनाका लागि शिक्षा मन्त्रालयमा दुई दर्जनभन्दा बढीको संख्यामा निवेदन परेका छन् । निवेदन दिने संस्था/व्यक्ति तथा विश्वविद्यालयका नामसम्बन्धी विवरणका लागि हेर्नुहोस् गौतम, भवानीश्वर । २०७१ । विश्वविद्यालय खोल्न आवेदनको चाङ । *नयाँ पत्रिका*, १७ मंसिर, पृ. १ र २ ।

[२] University Grants Commission (UGC). 2014. *Education Management Information System: Report on Higher Education 2012/13 (2069/70) Nepal*. P. 2. Kathmandu: UGC.

[३] नौओटा विश्वविद्यालयमध्ये काठमाण्डौ विविको विद्यार्थी उत्तीर्ण दर सबैभन्दा धेरै ८० प्रतिशत छ । UGC. 2014. *Education Management Information System: Report on Higher Education 2012/13 (2069/70) Nepal*. P. 2. Kathmandu: UGC.

[४] त्रिविका ६० आंगिक क्याम्पस – जहाँ तुलनात्मक रूपमा सस्तो, सुलभ पढाई हुन्छ – मध्ये करिब आधा (२८ ओटा) मध्यमाञ्चलमा छन् । सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलमा क्रमशः तीन र पाँचओटा मात्र आंगिक क्याम्पस छन् । अर्थात् जहाँ धनीमानी बस्छन् त्यहाँ सस्तो र जहाँ गरिबी छ, त्यहीँ महँगो उच्च शिक्षा छ । हेर्नुहोस् http://tribhuvan-university.edu.np/academics/campuses/; accessed 14 March 2015.

मार्टिन चौतारी
२७ जीतजङ्ग मार्ग, थापाथली
पो.ब.नं. १३४७०
काठमाडौं, नेपाल
टेलिफोन : ०१-४२३८०५०
फ्याक्स : ०१-४२४००५९
chautari@mos.com.np
www.martinchautari.org.np

विश्वविद्यालयलाई केही पूर्वाधार सुरुमै प्राप्त हुने, र क्षेत्रीय विषमता समेत कम गर्ने ठानिएको देखिन्छ ।

यद्यपि, सरकारी यो योजना सफलतापूर्वक कार्यान्वयन हुन सकेको छैन । पूर्वाञ्चल (स्था. २०५०) र पोखरा (स्था. २०५३) विविमा त्रिविका कुनै क्याम्पस समायोजन हुन सकेनन् । यो अनुभवबाट सिकेर वि.सं. २०६७ मा स्थापना गरिएका तीन विश्वविद्यालय (सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र कृषि तथा वन विज्ञान) को हकमा ऐनमै त्रिविसम्बन्धित क्याम्पसको नाम तोकेर, तिनलाई आधार बनाएर विश्वविद्यालय स्थापना गर्ने व्यवस्था गरियो । तर, त्यस्तो व्यवस्थाको करिब पाँच वर्ष पुग्दा र संस्थापक पदाधिकारीहरूले आफ्नो चार वर्षे कार्यकाल पूरा गर्न लाग्दा पनि ऐनमा तोकिएको भवन, जग्गा या सम्पत्ति समेत प्राप्त गर्न र अपेक्षित गति लिन यी नयाँ विश्वविद्यालयले सकेका छैनन् । यो जानकारी पत्रमा २०६७ सालमा स्थापना गरिएका तीन नयाँ विश्वविद्यालयले अपेक्षित गति लिन नसक्नुका कारण र त्रिविलाई टुक्र्याएर नयाँ विश्वविद्यालय स्थापना गर्ने गोरेटोका जटिलता केलाइएको छ ।

## नयाँ विवि स्थापनाको पृष्ठभूमि

नेपालको उच्च शिक्षाको विकासक्रमलाई केलाउँदा त्रिवि स्थापना लगत्तैदेखि मुलुकलाई आवश्यक भन्दा बढी 'ग्राजुयट' उत्पादन हुन लागेकोमा चिन्ता व्यक्त गरिएको थियो[५] भने २०२८ सालबाट लागू गरिएको नयाँ शिक्षा योजनामार्फत नियन्त्रित तवरबाट आवश्यक संख्यामा मात्र ग्राजुयट उत्पादन गर्ने नीति तय गरिएको थियो ।[६] यसको साथै मुलुकका विभिन्न क्षेत्रमा स्थानीय सक्रियतामा स्थापित क्याम्पसहरूलाई राष्ट्रियकरण गरी त्रिविको प्रत्यक्ष नियन्त्रणमा ल्याइएको थियो । अहिले त्रिविले जसलाई 'आफ्नो' दावी गर्छ ती मूलतः स्थानीय जनताले जग्गादान, श्रमदान एवं पैसा लगाएर खोलेका क्याम्पस हुन् ।[७] नयाँ शिक्षा योजनाले ग्राजुयट उत्पादनमा नियन्त्रण एवं साधारणमा भन्दा प्राविधिक शिक्षामा जोड दिए तापनि साधारण शिक्षाको क्षेत्रमा शिक्षित जनशक्तिको संख्या बढ्दै गयो र उच्च शिक्षा (अर्थात त्रिवि) समस्याग्रस्त हुँदै गएको सरकारले महसुस गर्‍यो ।

फलतः २०३९ सालमा शाही राष्ट्रिय उच्च शिक्षा आयोग गठन भयो जसले उच्च शिक्षाबाट प्रवीणता प्रमाणपत्र तह हटाउन तथा संस्कृत विवि स्थापनाका लागि सुझाव दियो । र, सँगै मूल सिफारिसमा नपरे पनि आयोगका दुई सदस्यले पश्चिमाञ्चल र पूर्वाञ्चलमा नयाँ विश्वविद्यालय स्थापना गर्नुपर्ने पक्षमा फरक मत राखे ।[८] यो प्रतिवेदन पछिका सबै आवधिक योजनामा र अन्य सरकारी नीति, योजना र प्रतिवेदनमा क्षेत्रीय विवि (र खुला एवं प्राविधिक विवि) स्थापनाको कुरा परेको छ । त्यसबाहेक, खासगरी पोखरा र विराटनगरमा स्थानीय तवरबाट पनि विश्वविद्यालय स्थापना गर्न माग राखिएको थियो ।[९]

यसै क्रममा, २०४६ को परिवर्तनपछि पूर्वाञ्चल र पोखरा विवि खोलिए । स्थानीय व्यक्ति, निकायको समेत सहभागितामा यी दुई विविलाई क्षेत्रीय स्वरूप दिने परिकल्पना देखिन्छ ।[१०] तर सोचेअनुरूप यी दुवै विविले क्षेत्रीय स्वरूप लिएनन् । र, सरकारले २०५६ को बजेट भाषणमार्फत त्रिविअन्तर्गतको महेन्द्र मोरङ क्याम्पसलाई पूर्वाञ्चल र पृथ्वीनारायण क्याम्पसलाई पोखरा विविमा समायोजन गरी क्षेत्रीय विविलाई विस्तार गर्ने योजना ल्यायो,[११] जुन त्रिवि र यसमातहतका क्याम्पसका विरोधका कारण कार्यान्वयन हुन सकेन ।[१२] यसबीच त्रिविको स्तर सुधार्न र त्रिविलाई विकेन्द्रित गर्न खासगरी विश्व बैंकको सहायतामा उच्च शिक्षा परियोजनाहरू पनि सुरु गरिए । यी परियोजनाको लक्ष्य त्रिविका क्याम्पसलाई विकेन्द्रित, स्वायत्त तुल्याउँदै अन्ततः विश्वविद्यालयमा 'अपग्रेड' गर्ने देखिन्छ ।[१३]

[५] हेर्नुहोस्, Wood, Hugh B. and Bruno Knall. 1962. *Educational Planning in Nepal and Its Economic Implications*. P. 62. Draft Report of the UNESCO Mission to Nepal.

[६] हेर्नुहोस्, श्री ५ को सरकार । २०२८ । *राष्ट्रिय शिक्षा पद्धतिको योजना* । काठमाण्डौ : शिक्षा मन्त्रालय ।

[७] राष्ट्रियकरण हुनुअघि जम्मा सातओटा कलेजमात्र सरकारी तवरमा खुलेका थिए । बाँकी सबै कलेज जनसक्रियतामा स्थापना गरिएका थिए । त्रिभुवन विश्वविद्यालय । २०६९ । केन्द्रीय विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालय : अवधारणा पत्र । पृ. १ । अप्रकाशित दस्तावेज ।

[८] क्षेत्रीय विविको पक्षमा फरक मत राख्ने सदस्यद्वय जगतमोहन अधिकारी र मोहनप्रसाद लाखे थिए । शाही उच्च शिक्षा आयोग । २०४० । *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन* । काठमाण्डौ : शाही उच्च शिक्षा आयोग ।

[९] पोखरामा विश्वविद्यालय स्थापनाको प्रयासका लागि हेर्नुहोस्, अधिकारी, कृष्ण । २०७१ । पोखरामा विश्वविद्यालय स्थापनाका प्रयास र क्लस्टर कार्यक्रम । अप्रकाशित दस्तावेज, मार्टिन चौतारी ।

[१०] हेर्नुहोस्, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयका ऐन । यी ऐन www.lawcommission.gov.np मा उपलब्ध छन् ।

[११] हेर्नुहोस्, शर्मा, यज्ञ । २०५६ । 'क्याम्पस हस्तान्तरणको कुराले अन्यौल सिर्जना गरेको छ' । *आजको समाचारपत्र* । ३१ असार, पृ. ३; हिमालय टाइम्स । २०५६ । पृथ्वीनारायण क्याम्पसलाई पोखरा विश्वविद्यालयमा गाभ्ने विषयमा मतमतान्तर । ९ साउन, पृ. ८ ।

[१२] हेर्नुहोस्, कान्तिपुर । २०५६ । पिएन क्याम्पसलाई पोखरा विविमा गाभ्ने घोषणाको विरोध । २ साउन, पृ. ५; हिमालय टाइम्स । २०५६ । नयाँ विश्वविद्यालयहरुलाई क्याम्पस हस्तान्तरण गर्दा पूर्वतयारी गरिएन । ५ साउन, पृ. १; शर्मा, यज्ञ । २०५६ । 'क्याम्पस हस्तान्तरणको कुराले अन्यौल सिर्जना गरेको छ' । *आजको समाचारपत्र* । ३१ असार, पृ. ३ ।

[१३] HMG/TU/UNDP/World Bank Project. 1995. *Tertiary Education in Nepal: An Assessment of the Structure, Management, Financing, Quality and Physical Facilities*. Kathmandu: HMG/TU/UNDP/World Bank Project (NEP/91/011); World Bank. 2007. Project Appraisal Document on a Proposed Grant in the Amount of SDR 41.6 Million (US$ 60.0 Million Equivalent) to Nepal for a Second Higher Education Project.

वि.सं. २०६२-६३ को दोस्रो जनआन्दोलनपछि मध्यपश्चिम र सुदूरपश्चिमका जनताले आफ्नो क्षेत्रमा विवि स्थापना गर्न अभियान सञ्चालन गरेपछि[१४] अन्ततः सरकारी लगानीमा दुई क्षेत्रीय र साथसाथै कृषि तथा वन विज्ञान विवि खोल्ने निर्णय गरियो। सोही अनुरूप २०६७ सालमा तीन नयाँ विश्वविद्यालय स्थापनाका लागि संसदबाट छुट्टाछुट्टै ऐन पारित भए। त्रिविअन्तर्गत कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकामा रहेको सिद्धनाथ विज्ञान क्याम्पस र सोही नगरपालिकामा रहेको सिद्धनाथ बहुमुखी क्याम्पस (सम्बन्धनरत) लाई संयुक्त रूपमा समावेश गरी सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापना हुने भयो।[१५] सुर्खेत शिक्षा क्याम्पस, वीरेन्द्रनगर बहुमुखी क्याम्पस र पब्लिक साइन्स क्याम्पस (सम्बन्धनरत) लाई संयुक्त रूपमा समावेश गरी सुर्खेत क्याम्पसको परिसरमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना हुने भयो।[१६] त्यसै गरी, चितवनस्थित कृषि तथा वन विज्ञान संस्थान, रामपुर कृषि क्याम्पस र मकवानपुर जिल्लामा सञ्चालित हेटौँडा वन क्याम्पस, हेटौँडालाई संयुक्त रूपमा समावेश गरी कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर कृषि क्याम्पसको परिसरमा कृषि तथा वन विज्ञान विश्वविद्यालयको स्थापना गरिने भयो।[१७]

## कानूनी प्रश्न र त्रिविको प्रतिरोध

तीनओटै नयाँ विश्वविद्यालयका ऐनमा कहाँ, कसरी र कुनकुन क्याम्पस मिसाएर नयाँ विश्वविद्यालय स्थापित हुनेछन् भन्ने प्रस्ट उल्लेख छ। तथापि ऐनमै व्यवस्था गरिएको आधा दशक हुन लाग्दा पनि यी विश्वविद्यालयले त्रिविबाट पाउनु पर्ने सबै सम्पत्ति र जनशक्ति पाउन सकेका छैनन्। यसो हुनुमा केही हदसम्म सरकार/सभासदहरूको (कानुनी छिद्र राखिदिएकोमा) र मुख्यतः त्रिवि संयन्त्रको संस्थागत प्रतिरोधको महत्त्वपूर्ण भूमिका छ।[१८]

त्रिविका क्याम्पस (आंगिक तथा सम्बन्धनरत) लाई एकीकृत गरी भिन्न विश्वविद्यालयको रूपमा विकास गर्ने परिकल्पनालाई त्रिविमा कार्यरत अध्यापक तथा कर्मचारीले संस्थागत रूपमा सुरुदेखि नै तीव्र विरोध गर्दै आएका छन्।[१९] त्रिवि छुट्टै ऐनबाट गठित स्वायत्त संस्था भएकोले आफ्नो सम्पत्ति अन्य विश्वविद्यालयको ऐनमा उल्लेख भएकै आधारमा दिन नसक्ने भन्दै "त्रिविको स्वायत्तता माथिको ठाडो र नाङ्गो हस्तक्षेप बन्द गर्नुपर्ने, विश्वविद्यालयलाई टुक्र्याउने गरी अन्य विश्वविद्यालय बनाउने काम तत्काल बन्द गर्नुपर्ने" लगायतका माग उनीहरूले अगाडि सारेका छन्।[२०] सबै विश्वविद्यालय अध्यापकहरूको छाता संगठन भनिएको नेपाल प्राध्यापक संघले पनि "त्रिविलाई टुक्र्याएर नयाँ विश्वविद्यालय बनाउने प्रक्रिया गलत रहेको" बताएको छ।[२१] पुरानो ऐनलाई नयाँ ऐनले काट्ने वा नकाट्ने, तथा सरकारी लगानीमा खुलेका र सञ्चालन हुने दुई संस्थालाई सरकारले व्यवस्थापन गर्न सक्ने वा नसक्ने जस्ता कानुनी प्रश्नको उत्तर सर्वोच्च अदालतमा मुद्दा पुगेकाले ढिलोचाँडो निर्क्योल हुनेछ।[२२] तथापि, यसले नयाँ खुलेका विश्वविद्यालयको विकास र विस्तारलाई भने कठिन तुल्याइदियो।

नयाँ विश्वविद्यालयको स्थापनाबाट सिर्जित समस्या अध्ययन गरी सुझाव पेश गर्न २०६९ सालमा त्रिविले आफ्ना पूर्व शिक्षाध्यक्ष राममान श्रेष्ठको संयोजकत्वमा एक उच्चस्तरीय समितिको गठन गरेको थियो।[२३] समितिले त्रिविलाई "अहिले सञ्चालन गरिरहेका कार्यक्रमलाई यथावत सञ्चालन गर्नुपर्ने" र "त्रिवि अन्तर्गतका

[१४] हेर्नुहोस्, थापा, चित्रांग। २०६८। विश्वविद्यालयका लागि आन्दोलन। *कान्तिपुर*, १३ साउन, पृ. ७।

[१५] हेर्नुहोस्, सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको ऐन, परिच्छेद २ दफा ३(२)।

[१६] हेर्नुहोस्, मध्यपश्चिमाञ्चल विश्वविद्यालयको ऐन, परिच्छेद २ दफा ३(२)।

[१७] हेर्नुहोस्, कृषि तथा वन विज्ञान विश्वविद्यालयको ऐन, परिच्छेद २ दफा ३(२)। सबै विश्वविद्यालयका ऐन www.lawcommission.gov.np मा उपलब्ध छन्।

[१८] त्रिविका उपकुलपति हिराबहादुर महर्जनले "मध्यपश्चिमाञ्चल विश्वविद्यालयको ऐनमा सुर्खेत क्याम्पस शिक्षा स्वतः समायोजन गर्ने कुरा लेखिए पनि त्रिभुवन विश्वविद्यालयको ऐनमा आफ्नो क्याम्पस दिनुपर्छ भनेर किटान नगरेको" भन्दै सुर्खेत क्याम्पस मध्यपश्चिमाञ्चल विविमा समायोजन हुन नसक्ने बताए। बरु उनले स्नातक तहसम्म मात्रै विज्ञान विषयको अध्यापन हुने उक्त क्याम्पसमा स्नातकोत्तर तहमा नयाँ कार्यक्रम सुरु गर्न तत्काल १० लाख रकम सहयोग गर्ने प्रतिबद्धता जनाए। हेर्नुहोस्, पन्त, सुनिता। २०७१। शिक्षा क्याम्पसलाई विश्वविद्यालयमा समायोजन नगरिने। *हिमालय टाइम्स*, १८ असार, पृ. ५; कान्तिपुर। २०७१। शिक्षा क्याम्पस नगाभिने। १९ असार, पृ. ९।

[१९] त्रिविको 'दादागिरी' सम्बन्धी प्रशस्तै समाचार प्रकाशित छन्। उदाहरणका लागि हेर्नुहोस्, बस्नेत, माधव। २०७१। त्रिविको दादागिरी। *नेपाल* १४(४०): १४–१६; पराजुली, अनिल। २०७०। वनविज्ञान क्याम्पसमा स्वामित्व विवाद। *हिमालय टाइम्स*, १५ चैत, पृ. ५; The Kathmandu Post. 2014. TU Leaves New Univs on the Lurch. 28 December, p. 3.

[२०] गोरखापत्र। २०७०। त्रिवि नटुक्र्याउन प्राध्यापकको चेतावनी। ८ फागुन, पृ. ४; हिमालय टाइम्स। २०७०। त्रिवि प्राध्यापक संघको अल्टिमेटम। २६ माघ, पृ. ३। त्रिवि प्राध्यापक संघका सभापति योगेन्द्रनारायण बडबरिया र त्रिवि कर्मचारी संघका सभापति कुवेर केसीसँग क्रमशः २१ माघ र २८ फागुन २०७१ मा चौतारीले गरेको कुराकानी।

[२१] नेपाल प्राध्यापक संघका सभापति रामेश्वर उपाध्यायसँग २१ माघ २०७१ मा चौतारीले गरेको कुराकानी।

[२२] त्रिविले ऐन कार्यान्वयनमा अडचन पैदा गरेकोले कृषि तथा वन विज्ञान विविले त्रिविविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ। बस्नेत, माधव। २०७१। त्रिविको दादागिरी। *नेपाल* १४(४०): १४–१६।

[२३] समितिलाई सरोकारवाला विश्वविद्यालयहरूको ऐन, नियम र विनियमको अध्ययन गर्न, त्रिविको सम्पत्ति तथा शैक्षिक कार्यक्रम अन्य विश्वविद्यालयलाई हस्तान्तरण गर्ने प्रक्रिया र त्रिविका क्याम्पस नै नयाँ विश्वविद्यालय हुँदै जाँदाको अवस्थामा त्रिविको अवस्था र हैसियत कसरी कायम राख्ने र व्यवस्थित गर्नेबारे सुझाव दिन कार्यादेश दिएको थियो। श्रेष्ठ, राममान। २०६९। त्रिभुवन विश्वविद्यालय र हाल स्थापित विश्वविद्यालय सम्बन्धसम्बन्धी उच्च स्तरीय अध्ययन समितिको प्रतिवेदन २०६९। पृ. २–३। अप्रकाशित दस्तावेज। कार्यादेशको पूर्ण विवरणका लागि पृ. २० हेर्नुहोस्।

भौतिक, मानवीय स्रोत साधन र संरचनामा अदलीबदली गर्नु नहुने" सुझाव दियो ।[२४] प्रतिवेदनले "त्रिविको वर्तमान नेतृत्वलाई त्रिवि ऐन नियमले क्याम्पसको भौतिक सम्पत्ति तथा शिक्षक कर्मचारीहरूको हस्तान्तरण गर्न खुला छुट दिएको छैन" भन्दै "मानवीय स्रोत, विद्यार्थीहरू, भौतिक तथा शैक्षिक स्रोत, साधन र सुविधाहरूसंग सम्बन्धित सवालको सबै प्रकारको समझदारी वा सहमति त्रिवि ऐन नियमअनुसार कार्यकारी परिषद् तथा त्रिवि सभाको निर्णयबाट मात्र गर्न सकिने विषय हो" भनेको छ ।[२५] यी सबै तथ्यले नयाँ विश्वविद्यालय निर्माणमा सघाउन र ऐनमा उल्लिखित सम्पत्ति र जनशक्ति सहज रूपमा हस्तान्तरण गर्न त्रिवि चाहँदैन भन्ने प्रस्ट हुन्छ ।[२६] तर, उच्च शिक्षा सुधार गर्ने नाममा त्रिविले विश्व बैंकको आर्थिक सहायता लिन उक्त संस्थाको सहयोगमा सञ्चालित परियोजनामा सहभागी हुँदै आएको छ । र, ती परियोजना अन्तर्गत त्रिविका क्याम्पसलाई क्रमशः विकेन्द्रित गर्ने, स्वायत्तता दिने र अन्ततः विश्वविद्यालयमा 'अपग्रेड' गर्ने योजना स्वीकृत गर्दै आएको छ ।[२७]

त्रिविले विभिन्न बहानामा आफू अन्तर्गतका क्याम्पसका भौतिक संरचना तथा जनशक्ति नयाँ स्थापित विश्वविद्यालयमा हस्तान्तरणमा अवरोध गरेपछि नयाँ विविहरूले विश्वविद्यालय अनुदान आयोग – जसको दायित्व "विश्वविद्यालयहरूको सञ्चालन तथा विकासका लागि" कार्य गर्ने हो[२८] – आफ्ना कुलपति प्रधानमन्त्री, सहकुलपति शिक्षामन्त्री (प्रधानमन्त्री र शिक्षामन्त्री त्रिविका पनि क्रमशः कुलपति र सहकुलपति हुन्) र राजनीतिक नेतृत्व गुहारे । विश्वविद्यालय अनुदान आयोग, सरोकारवाला विश्वविद्यालय र सरकारबाट त्रिवि र नयाँ विश्वविद्यालयबीचमा रहेको स्वामित्व हस्तान्तरणको विवादबारे दर्जनौँ पटक छलफल भएको छ । यद्यपि, ती छलफलले पनि त्रिवि र नयाँ विश्वविद्यालयबीच उत्पन्न स्वामित्व हस्तान्तरणको समस्या सुल्झिएको छैन ।[२९]

विश्वविद्यालयका उच्च पदाधिकारीका हैसियतले प्रधानमन्त्री र शिक्षामन्त्रीले नयाँ विश्वविद्यालयका ऐनमा किटान भएका त्रिविका आंगिक क्याम्पसको स्वामित्व हस्तान्तरण तत्काल सुरु गर्न बारम्बार त्रिविलाई निर्देश[३०] गर्दा समेत त्रिविले यो विषय 'त्रिवि कार्यकारी परिषद् र त्रिवि सभाको निर्णयबाट मात्र गर्न सकिने' भन्दै पन्छिँदै आएको छ । त्रिविको स्वामित्व हस्तान्तरण विषयमा कुलपति र सहकुलपतिले निर्देशन दिन सक्ने भए पनि त्रिविको ऐनअनुसार त्यो निर्देशन बाध्यकारी नहुने त्रिवि पदाधिकारीहरूको तर्क छ ।[३१] बरु यसको प्रतिउत्तरमा त्रिविले सरकार समक्ष "त्रिविलाई प्राप्त दरवन्दी कटाएर नयाँ विश्वविद्यालयलाई दिन नपाइने र नयाँ विश्वविद्यालयलाई पुरानो सम्पत्ति सुम्पिदा त्रिविका कार्यक्रम सञ्चालन गर्न वैकल्पिक स्थान र त्यहाँ संरचना निर्माण गर्न बजेट दिनुपर्ने" माग गरेको छ ।[३२]

यसैक्रममा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले कुलपतिका हैसियतले विश्वविद्यालयको स्वामित्व हस्तान्तरणको विवाद समाधान गर्न दिएको निर्देशनलाई २९ असोज २०६९ को विश्वविद्यालय सभामा दिएको मन्तव्यमा पुनः प्रवेश गराएका थिए ।[३३] सोही

[२४] श्रेष्ठ, राममान । २०६९ । त्रिभुवन विश्वविद्यालय र हाल स्थापित विश्वविद्यालय सम्बन्धसम्बन्धी उच्चस्तरीय अध्ययन समितिको प्रतिवेदन २०६९ । पृ. १८ । अप्रकाशित दस्तावेज ।

[२५] हेर्नुहोस्, श्रेष्ठ, राममान । २०६९ । त्रिभुवन विश्वविद्यालय र हाल स्थापित विश्वविद्यालय सम्बन्धसम्बन्धी उच्चस्तरीय अध्ययन समितिको प्रतिवेदन २०६९ । पृ. ५ र १८ । अप्रकाशित दस्तावेज ।

[२६] त्रिवि ऐनमा त्रिवि कार्यकारी परिषद्ले चाहेको खण्डमा "विश्वविद्यालयको चल अचल सम्पत्तिको हक हस्तान्तरण गर्न..." सक्ने प्रस्ट प्रावधान छ । हेर्नुहोस्, अर्याल, विष्णुप्रसाद । २०७१ । त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ । *त्रिभुवन विश्वविद्यालय ऐन, नियम तथा कार्य व्यवस्थापन प्रणाली* । पृ. १० । काठमाण्डौ : त्रिवि कर्मचारी संघ ।

[२७] हेर्नुहोस्, महेन्द्ररत्न बहुमुखी क्याम्पस । २०६७ । महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको वस्तुगत विवरण तथा रणनैतिक योजना (२०६६/०६७ देखि २०७०/०७१ सम्म) । पृ. १६ । यो रणनैतिक योजनामा उक्त क्याम्पस अन्ततः विश्वविद्यालय बनाउने 'भिजन' राखिएको छ । रणनैतिक योजनालाई त्रिविले स्वीकृती दिएपश्चात मात्रै उक्त क्याम्पसले त्रिविबाट स्वायत्तता प्राप्त गरेको हो । यसले विश्वबैंकको आर्थिक सहयोग लिन आफूबाट स्वायत्त हुन र अन्ततः विश्वविद्यालयमा अपग्रेड हुने कुरा स्वीकृत गर्ने तर व्यवहारतः नयाँ बनेका विविलाई असहयोग गर्ने त्रिविको 'द्वैध चरित्र' देखाउँछ ।

[२८] विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० । यो ऐन www.lawcommission.gov.np मा उपलब्ध छ ।

[२९] विश्वविद्यालय अनुदान आयोग, सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, कृषि तथा वन विज्ञान एवं त्रिभुवन विश्वविद्यालय र प्राध्यापक संघका पदाधिकारीसँग चौतारीले विभिन्न समयमा गरेको कुराकानीमा आधारित ।

[३०] कुलपतिका हैसियतले प्रधानमन्त्री बाबुराम भट्टराईले त्रिविका उपकुलपतिलाई १९ असोज २०६९ मा 'सामूहिक काजमा पठाउनेबारे' विषयराखी लेखेको पत्र – जसको फोटोकपी चौतारीमा उपलब्ध छ – मा भनिएको छ : "सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन २०६७ को दफा ३(२) अनुसार विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा सञ्चालित सिद्धनाथ विज्ञान क्याम्पस, भीमदत्तनगर समेत सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा समावेश हुने व्यवस्था भएकाले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ को दफा १६(३) अनुसार निर्देश दिइएको छ, अविलम्ब कार्यान्वयन गरी प्रगति विवरण पठाउन हुन ।

१. समाहित हुनजाने सिद्धनाथ विज्ञान क्याम्पसका सम्पूर्ण शिक्षक तथा कर्मचारीलाई सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, महेन्द्रनगरमा सोही विश्वविद्यालयबाट तलबभत्ता खानेगरी सामूहिक रूपमा काजमा पठाइदिने । २. त्रिभुवन विश्वविद्यालय सिद्धनाथ विज्ञान क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रमहरू सुदूरपश्चिमाञ्चल विश्वविद्यालयले यथावत रूपमा सञ्चालन गर्ने । ३. सम्पत्ति हस्तान्तरणको विषयमा आउँदो त्रिवि सभामा प्रस्ताव ल्याउने ।"

[३१] The Kathmandu Post. 2014. TU Leaves New Univs on the Lurch. 28 December, p. 3.

[३२] बस्नेत, माधव । २०७१ । त्रिविको दादागिरी । *नेपाल* १४(४०) : १४–१६ ।

[३३] श्रेष्ठ, राममान, योगेन्द्रनारायण बडबरिया र कुबेर केसी । २०७० । त्रिभुवन विश्वविद्यालयलाई देशको एक केन्द्रीय (राष्ट्रिय) विश्वविद्यालयको रूपमा विकास तथा त्रिविका आंगिक र केही सम्बन्धन प्राप्त क्याम्पसहरुलाई समावेस गरी स्थापना भएका नयाँ विश्वविद्यालयहरूको बीच उत्पन्न समस्याहरूको समाधानसम्बन्धी अधिकार सम्पन्न उच्चस्तरीय समितिका सदस्यहरूको राय सुझावहरू (अनौपचारिक) । पृ. ३ । अप्रकाशित दस्तावेज ।

सभाले त्रिविका पूर्व उपकुलपति केदारभक्त माथेमाको संयोजकत्वमा पाँच सदस्यीय अधिकारसम्पन्न उच्चस्तरीय समिति गठन गऱ्यो ।[३४] संयोजक माथेमाले समितिको पहिलो बैठकमै त्रिविको सम्पत्ति र जनशक्ति हस्तान्तरण तुरुन्त सुरु गर्न प्रक्रिया निर्माणसम्बन्धी सात बुँदे प्रस्ताव राखे । तर माथेमाको प्रस्तावलाई "छलफलको प्रारम्भमै समितिका सदस्यहरूले आपत्ति जनाए" पछि उनले राजिनामा दिए ।[३५] माथेमाले राजिनामा दिएपछि समितिका सदस्य राममान श्रेष्ठलाई पुनः समितिको संयोजक बनाइयो । श्रेष्ठले तयार गरेको प्रतिवेदनले त्रिविकै पक्षपोषण गरेको छ र हस्तान्तरणसम्बन्धी प्रस्ट खाका दिएको छैन ।

नयाँ स्थापित विश्वविद्यालयका चुनौती र कठिनाई सम्बोधन गर्नेतर्फ नयाँ योजना, कार्यक्रमले पनि पर्याप्त ध्यान दिएको पाइँदैन । विश्वविद्यालय अनुदान आयोगले तयार गरेको नयाँ (प्रस्तावित) उच्चशिक्षा नीतिमा केही संशोधन गरी मन्त्रीपरिषद्मा निकट भविष्यमा पेश गरिँदैछ । उक्त उच्च शिक्षा नीतिमा सरकारी लगानीमा नयाँ स्थापना भएका (र हुने) विविको संस्थागत विकास के-कसरी गरिनेछ भन्नेबारे केही उल्लेख छैन ।[३६]

## व्यावहारिक जटिलता

त्रिवि मातहतका क्याम्पस/अध्यापक/कर्मचारी नयाँ विश्वविद्यालयमा समायोजन हुन नसक्नुमा त्रिविको अवरोध त छँदै थियो, अन्य व्यावहारिक जटिलता पनि देखिए । नयाँ विश्वविद्यालयका ऐनका साथै शिक्षक, कर्मचारी सेवा नियमावलीमा त्रिवि अन्तर्गतका आंगिक तथा सम्बन्धनरत क्याम्पसका शिक्षक, कर्मचारी समायोजन भई विश्वविद्यालयमा आउँदा साविककै पदमा समायोजन हुनेछन् भनिएको छ ।[३७] तर कतिपय शिक्षक, कर्मचारी साविककै पदमा नयाँ विश्वविद्यालयमा बहाल हुन इच्छुक देखिँदैनन् ।[३८] "बलियो संस्थाबाट नयाँ, भविष्य स्पष्ट नभएको संस्थामा उही अवस्थामा किन जाने ?," केहीको प्रश्न थियो । त्यस्तै, "विश्वविद्यालय सेवा आयोग पासै नगरी स्वतः स्थायी भएका," "क्याम्पस सञ्चालक समितिको बैठकबाट उपप्राध्यापक/सहप्राध्यापक बनाइएका" र "विश्वविद्यालयमा समायोजन हुने भएपछि क्याम्पसमा कक्षा नै नलिई स्थायी बनाइएकाहरूसँग" साविककै पदमा नयाँ विश्वविद्यालयमा जान नसकिने केहीको भनाई रह्यो ।[३९] त्यसबाहेक, निवृत्तिभरण, उपदान, विदा, स्वास्थ्योपचार आदिबारे पनि नयाँ विविसँग आश्वस्त हुन नसकेको पाइयो ।[४०]

"नेपालको सबैभन्दा पुरानो र ठूलो विश्वविद्यालय" (त्रिवि) मा रहँदा पाउने "अवसर, सामाजिक प्रतिष्ठा र राष्ट्रिय/अन्तर्राष्ट्रिय मान्यता" नयाँ खुलेका विश्वविद्यालयको भन्दा त्रिविमा बढी भएको बुझाई शिक्षक, कर्मचारीमा पाइयो ।[४१] साथै, त्रिविमा रहँदा मुलुकको केन्द्रलगायत विभिन्न क्षेत्रमा स्थानान्तरण हुनसक्ने सम्भावना रहेको तर क्षेत्रीय विविमा त्यस्तो सम्भावना नरहनाले पनि नयाँ विविमा कम रुचि देखियो । त्यसबाहेक, नयाँ विविमा त्रिविभन्दा 'वर्कलोड' बढ्ने भएकाले पनि आकर्षण कम भएको बताइन्छ ।[४२] अर्कोतर्फ, त्रिवितर्फका जनशक्ति नआउँदा आफ्नो वृत्तिविकास चाँडै र सहज हुने नयाँ विवितर्फका जनशक्तिको ठम्याइ छ र उनीहरू त्रिविका जनशक्तिलाई पदोन्नति दिएर ल्याउने पक्षमा देखिन्नन् ।[४३]

तीन नयाँ विश्वविद्यालयमा सम्पत्ति हस्तान्तरण र जनशक्ति समायोजनको वर्तमान स्थिति केलाउँदा, मध्यपश्चिमाञ्चल विविले

[३४] यस समितिका अन्य सदस्यमा त्रिविका पूर्व शिक्षाध्यक्ष राममान श्रेष्ठ, त्रिवि प्राध्यापक संघका सभापति योगेन्द्रनारायण बडबरिया, त्रिवि कर्मचारी संघका केन्द्रीय अध्यक्ष कुवेर केसी र शिक्षा मन्त्रालयका तत्कालीन सचिव सुरेशमान श्रेष्ठ थिए ।

[३५] श्रेष्ठ, राममान, योगेन्द्रनारायण बडबरिया र कुवेर केसी । २०७० । त्रिभुवन विश्वविद्यालयलाई देशको एक केन्द्रीय (राष्ट्रिय) विश्वविद्यालयको रूपमा विकास तथा त्रिविका आंगिक र केही सम्बन्धन प्राप्त क्याम्पसहरूलाई समावेस गरी स्थापना भएका नयाँ विश्वविद्यालयहरूको बीच उत्पन्न समस्याहरूको समाधानसम्बन्धी अधिकार सम्पन्न उच्चस्तरीय समितिका सदस्यहरूको राय सुझावहरू (अनौपचारिक) । पृ. ५ । अप्रकाशित दस्तावेज ।

[३६] प्रस्तावित उच्च शिक्षा नीतिमाथि मार्टिन चौतारीको समीक्षाका लागि हेर्नुहोस्, मार्टिन चौतारी । २०७१ । *प्रस्तावित उच्च शिक्षा नीति* । नीति समीक्षापत्र १३ । यो समीक्षापत्र www.martinchautari.org.np/files/PolicyReviewBrief13-Proposed HigherEducationPolicy.pdf मा उपलब्ध छ ।

[३७] हेर्नुहोस् सम्बन्धित विश्वविद्यालयका ऐन तथा सुदूरपश्चिमाञ्चल विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९ । पृ. ५ ।

[३८] २०६८ सालमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयका तत्कालीन डीन पीताम्बर ढकालको संयोजकत्वमा गठित समायोजन कार्यदलले (त्रिविका) स्थायी शिक्षक तथा कर्मचारीहरूलाई एक तह पदोन्नति गरी समायोजन गनुपर्ने उल्लेख गरेको थियो । तर यो सुझाव कार्यान्वयन हुन सकेन । खडका, विष्णुकुमार । २०६८ । मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा सुर्खेत क्याम्पस (शिक्षा) समायोजनको सवाल । २७ चैतमा सुर्खेतमा आयोजना गरिएको कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

[३९] सुर्खेत क्याम्पस (शिक्षा) का एक शिक्षकको भनाई थियो, "केही वर्ष अगाडि मैले पठाएको विद्यार्थी अहिले राजनीतिक पहुँचका आधारमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयको ऐकेडमिक डाइरेक्टर भएका छन् । तपाईं नै भन्नुहोस् अब म के उनको मातहतमा गएर काम गर्न सक्छु ?" चौतारीसँगको कुराकानी, मंसिर तेस्रो हप्ता २०७१ ।

[४०] खडका, विष्णुकुमार । २०६८ । मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा सुर्खेत क्याम्पस (शिक्षा) समायोजनको सवाल । २७ चैतमा सुर्खेतमा आयोजना गरिएको कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

[४१] यस किसिमको बुझाई नयाँ विश्वविद्यालयका शिक्षक तथा कर्मचारीमा पनि देखिन्छ । मध्यपश्चिमाञ्चल विविका एक पदाधिकारीले भने, "मध्यपश्चिमाञ्चल विविको डीनभन्दा सुर्खेत क्याम्पसको प्रमुख हुनु अवसरका हिसाबले फाइदाजनक छ, हामी त सरकारी स्कूलका शिक्षक जस्ता भएका छौं ।" चौतारीसँगको कुराकानी, २१ मंसिर २०७१ ।

[४२] नयाँ विश्वविद्यालयका पदाधिकारीहरूसँग विभिन्न मितिमा चौतारीले गरेको कुराकानीमा आधारित ।

[४३] नयाँ विश्वविद्यालयका अध्यापक, कर्मचारीसँग विभिन्न मितिमा चौतारीले गरेको कुराकानीमा आधारित ।

सबैभन्दा बढी असहयोग बेहोर्नु परेको देखिन्छ ।[४४] यो विविमा समायोजन हुने भनिएको त्रिविको आंगिक क्याम्पस सुर्खेत शिक्षा क्याम्पसका सबै शिक्षक कर्मचारीले सामूहिक रूपमा आफूहरू नयाँ क्याम्पसमा जान नचाहेको निर्णय गरेका थिए ।[४५] सुदूरपश्चिमाञ्चल विविको सिद्धनाथ विज्ञान क्याम्पसका जनशक्तिले सुरुमा त्यस्तै अनिच्छा देखाए पनि क्रमशः र खास गरी स्थायी भैनसकेका जनशक्ति समायोजित हुन चाहेको देखिएको छ ।[४६] कृषि तथा वन विविका हकमा कृषितर्फको ठूलो हिस्सा र आंगिक क्याम्पस नै नयाँ विविमा समायोजित भैसके तापनि हेटौंडा स्थित वनतर्फको कार्यक्रममा भने समस्या सुल्झिएको छैन ।[४७]

त्रिविको अवरोधका बाबजुद खासगरी आर्थिक कारणले समायोजनको 'लफडा' विस्तारै किनारा लाग्नसक्छ । नयाँ ऐनमा व्यवस्था भएअनुसार त्रिविका आंगिक क्याम्पसका जनशक्तिको दरवन्दी नयाँ विविमा हस्तान्तरण हुने भएकाले सरकारले ती क्याम्पसमा बहाल दरवन्दीबापतको तलब विवि अनुदान आयोगमार्फत नयाँ विविमा पठाउनुपर्ने हुन्छ । सुरुका वर्षमा समायोजित हुने क्याम्पसको रकम त्रिविमै पठाइए पनि पछिल्लो समय बेरुजु र अन्ततः भ्रष्टाचारमा परिने डरले त्रिविमा जान छाडेको छ ।[४८] यसले गर्दा त्रिविको करार सेवामा कार्यरत जनशक्ति नयाँ विविमा जान इच्छुक देखिएको पाइन्छ । यद्यपि, अधिकांश अहिले पनि त्रिवि सेवालाई कुरिरहेका देखिन्छन् ।[४९]

यसबाहेक, ऐनमै नयाँ स्थापित विविहरू सरकारी लगानीमा सञ्चालन हुने भनिएकाले नयाँ कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक जनशक्ति र पूर्वाधारका लागि यी विविहरू अनुदान आयोगमार्फत शिक्षा मन्त्रालय र अन्ततः अर्थमन्त्रालयमा निर्भर रहनु पर्छ । यी विभिन्न निकायले र खासगरी अर्थमन्त्रालयको सदासय प्राप्त नगरी कार्यक्रम विस्तार गर्न कठिन भैरहेको नयाँ विश्वविद्यालयको भोगाई छ ।[५०] त्यसबाहेक, त्रिविमातहतमा कार्यरत जनशक्ति उपयोग गर्नु पर्ने हुँदा तिनको जे-जस्तो शैक्षिक योग्यता र विशेषज्ञता छ सोही अनुरूपको कार्यक्रम तर्जुमा गर्नुपर्ने बाध्यता पनि नयाँ विविलाई छ । यसले नयाँ विविलाई आफ्नो 'भिजन' अनुसार अघि बढ्न पनि सहज भएन ।

आफू अन्तर्गतका क्याम्पसहरू क्रमशः विश्वविद्यालयमा रूपान्तरित हुँदै जानुलाई गर्वको विषय ठानेर नयाँ विविको संस्थागत विकासमा सहयोग गर्नेभन्दा पनि नयाँ विश्वविद्यालयलाई प्रतिस्पर्धी व्यापारिक संस्था झैं ठानी अर्को संस्थालाई कसरी असफल पार्न सकिन्छ भन्ने रणनीतिमा त्रिवि लागेको देखिन्छ । पछिल्लो समय मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रमा 'सम्बन्धन' सम्बन्धी त्रिविले अख्तियार गरेको रणनीतिले यो कुरा प्रस्ट्याउँछ । मध्य र सुदूरपश्चिमा नयाँ विवि स्थापना भएपछि त्रिविले ती क्षेत्रका दर्जनौं शैक्षिक संस्थालाई विभिन्न संकायका शैक्षिक कार्यक्रम सञ्चालन गर्न 'सम्बन्धन' स्वीकृत गऱ्यो ।[५१] यसअघि वर्षौंसम्म अनुरोध गर्दा पनि सम्बन्धन दिन कुनै चासो नदिएको त्रिविले सम्बन्धनबारेको आफ्नै नीतिसमेत मिचेर नयाँ सम्बन्धन दिएको बताइन्छ । त्रिविको यस्तो नीतिको प्रत्यक्ष प्रभाव नयाँ विश्वविद्यालयमा र खासगरी सबैभन्दा कमजोर देखिएको

[४४] विश्वविद्यालय स्थापनाका लागि जति जनदबाब र सहयोग मिलेको थियो त्यस्तो सहयोग सञ्चालनक्रममा नपाइएको र बरु स्थानीय राजनीतिक प्रतिस्पर्धाको नकारात्मक प्रभाव विश्वविद्यालय सञ्चालनमा पनि परेको नयाँ विविका पदाधिकारीहरूले बताए । पदाधिकारीहरूसँग विभिन्न मितिमा चौतारीले गरेको कुराकानी ।

[४५] सुर्खेत (शिक्षा) क्याम्पसका अध्यापक तथा कर्मचारीले २ फागुन २०६८ मा गरेको निर्णयमा उल्लेख गरिएको छ : "त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा रहेको सुर्खेत क्याम्पस शिक्षालाई मध्यपश्चिमाञ्चल विश्वविद्यालयको ऐनमा त्रिभुवन विश्वविद्यालयको ऐनसँग बाझिने गरी तथा सरोकारवालासँग छलफल नै नगरिकन यस क्याम्पसको परिसरमा मप विश्वविद्यालय स्थापना गर्ने भन्ने उल्लेख भएको सन्दर्भमा शिक्षा क्याम्पस सुर्खेतका सम्पूर्ण शिक्षक, कर्मचारीहरूको संयुक्त बैठक बसी छलफल गर्दा उक्त नयाँ विश्वविद्यालयमा सुर्खेत क्याम्पस, शिक्षालाई समायोजन नगरी त्रिविकै आंगिक क्याम्पसको रूपमा राख्नुपर्ने र शिक्षक र कर्मचारीहरू सबै त्रिविकै सेवामा रहने निर्णय गरियो ।" उक्त निर्णयको फोटोकपी मार्टिन चौतारीमा उपलब्ध छ ।

[४६] सुदूरपश्चिमाञ्चल विवि स्रोतले दिएको जानकारीअनुसार सिद्धनाथ विज्ञान क्याम्पसमा प्राध्यापन गर्ने २० करार शिक्षकले यसै वर्ष मात्र उक्त विवि सेवामा आउन निवेदन दिएका छन् ।

[४७] बस्नेत, माधव । २०७१ । त्रिविको दादागिरी । *नेपाल* १४(४०) : १४–१६ । तत्कालीन कृषि क्याम्पस, रामपुर र वन विज्ञान क्याम्पस, हेटौंडामा कार्यरत ५ सय ९५ शिक्षक तथा कर्मचारीमध्ये ३ सय ६४ शिक्षक कर्मचारी साउन २०७० बाट कृषि तथा वन विज्ञान विविमा समायोजित भएका छन् । विवि पदाधिकारीले चौतारीलाई दिएको जानकारी, ३ फागुन २०७१ ।

[४८] कृषि तथा वन विवि र सुदूरपश्चिमाञ्चल विविका पदाधिकारीसँग मार्टिन चौतारीले क्रमशः ३ र ११ फागुन २०७१ मा गरेको कुराकानी । नयाँ विविका एक पदाधिकारीको बुझाईमा त्रिविले अर्को कुनै बाटो निकालेर तिनलाई तलब खुवाइरहने र जनशक्तिलाई समायोजनमा जानबाट रोकिरहनेछ ।

[४९] त्रिवि प्राध्यापक संघले करार सेवामा रहेका शिक्षकहरूलाई विशेष प्रक्रियाबाट स्थायी गर्न त्रिवि पदाधिकारीलाई बारम्बार दबाब दिँदै आएको छ र त्रिविले पनि स्थायी दरवन्दी प्रक्रियामा अगाडि बढाउनेमा सैद्धान्तिक सहमति जनाएको छ । हेर्नुहोस्, त्रिवि प्राध्यापक संघ । २०७० । पश्चिमाञ्चल क्षेत्रीय भेला एवं गोष्ठी २०७० । *त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ* । पृ. १२–१४ । काठमाण्डौ : त्रिवि प्राध्यापक संघ । त्रिवि प्राध्यापक संघका अध्यक्ष योगेन्द्रनारायण बडबरियासँग २१ माघ २०७१ मा र सुर्खेत क्याम्पस (शिक्षा) मा करारमा कार्यरत शिक्षकहरूसँग २०७१ मंसिरको तेस्रो हप्ता चौतारीले गरेको कुराकानी ।

[५०] नयाँ विविका पदाधिकारीसँग मार्टिन चौतारीले २०७१ फागुनको विभिन्न मितिमा गरेको कुराकानी ।

[५१] उदाहरणका लागि, सुर्खेत उपत्यकामा मात्र गत शैक्षिक वर्षबाट त्रिविले एक दर्जन भन्दा बढी निजी कलेजलाई स्नातक तहमा व्यवस्थापनका विभिन्न विषय पढाउन सम्बन्धन दियो । हेर्नुहोस्, सेजुवाल, कलेन्द्र । २०७० । संकटमा 'शिशु' विश्वविद्यालय । *नागरिक*, ८ पुस, पृ. ५ ।

मध्यपश्चिमाञ्चल विविमा देखिन थालेको छ – यो विविका क्याम्पसमा विद्यार्थी संख्या बढ्नुको साटो घट्दै गएको छ ।[५२]

## निष्कर्ष

स्थापनाको आधा दशक पुग्न लाग्दा पनि नयाँ विवि अपेक्षित गतिमा अगाडि बढ्न सकेका छैनन् ।[५३] यसले त्रिवि मातहतका क्याम्पसलाई आधार बनाएर नयाँ विश्वविद्यालय निर्माण गर्ने 'हाइवे' मा धेरै अवरोध हुने देखायो । यद्यपि, यही बाटोबाट सहजतापूर्वक २०४३ सालमा संस्कृत विवि स्थापना भएको हो । परिवर्तित सन्दर्भमा र खासगरी पूर्वाञ्चल र पोखरा विवि विस्तारमा देखिएको जटिलताबाट केही सिकेर ऐनमै पूर्वाधार र जनशक्ति व्यवस्था गरे पनि नीति-निर्माताहरूले त्रिविलगायतका क्षेत्रबाट हुनसक्ने सम्भावित अवरोधको 'स्केल' अनुमान गर्न सकेनन् । नयाँ विविका ऐन निर्माण गर्दा त्रिविसँग सरसल्लाह गर्न र सो विविको ऐनलाई समेत संशोधन गर्न उनीहरू चुकेको देखियो । अझ महत्त्वपूर्ण त, राज्यप्रमुख – जो सबै विविका कुलपति पनि हुन् – आफ्ना निर्णय आफू मातहतका निकायबाट कार्यान्वयन गराउन नसक्ने कमजोर र लाचार देखिए ।

नयाँ विश्वविद्यालयलाई शुन्यबाट सुरु नगरी प्रारम्भमै केही पूर्वाधार र जनशक्ति दिँदा तत्काल कार्यारम्भ गर्न सहज भई चाँडै गति लिने र त्रिविको अनियन्त्रित विशालतालाई समेत सम्बोधन गर्ने ठानिए पनि त्यस्तो भएन । त्रिवि र मातहतका क्याम्पस तथा जनशक्तिले विरोध गरिदिँदा सो 'ट्रान्जिसन' असहज बन्न पुग्यो । र, विवि अनुदान आयोग – जसलाई मुलुकभरको उच्च शिक्षालाई संयोजन र निर्देशन गर्ने निकायको रूपमा हेरिएको छ – को भूमिका पनि प्रभावी देखिएन । यसले त्रिविलाई 'डाउनसाइज' गर्न, चुस्त तुल्याउन र गुणस्तर सुधार गर्न सहज नभएको देखाउँछ । र, भविष्यमा त्रिवि टुक्र्याएर नयाँ विवि स्थापना गर्ने हाइवेका जटिलता, चुनौती र सुधारका उपायबारे पनि जानकारी दिन्छ ।

Δ

[५२] सेजुवाल, कलेन्द्र । २०७० । संकटमा 'शिशु' विश्वविद्यालय । *नागरिक*, ८ पुस, पृ. ५ ।

[५३] सबै सार्वजनिक विश्वविद्यालयका संस्थागत चुनौतीका लागि हेर्नुहोस्, वन्त, प्रत्यूष र देवेन्द्र उप्रेती । २०७१ । सार्वजनिक विश्वविद्यालयका संस्थागत असफलता । *नेपाल* १५(१६) : १८–१९ ।